# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, माघ १३ गते २०५६ साल (अतिरिक्ताङ्क ४१(घ)

## भाग ३

श्री ५ को सरकार
निर्माण तथा यतायात मन्त्रालयको
सूचना
निर्माण व्यवसाय नियमावली, २०५६

निर्माण व्यवसाय ऐन, २०५५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद -१
प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "निर्माण व्यवसाय नियमावली, २०५६" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले ऐनको दफा १५ बमोजिम गठित कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले निर्माण व्यवसायी कोष सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद -२
इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्रको लागि दरखास्त दिनु पर्ने: सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची- १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

४. दरखास्त जाँचबुझ गर्नु पर्ने: (१) नियम ३ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक क्षमता तथा प्राविधिक योग्यता जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम(१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

५. इजाजतपत्र दिन सिफारिस गर्ने: नियम ४ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजतपत्र दिन मनासिब देखेमा समितिले दरखास्त परेको मितिले तीस दिन भित्र नियम १० बमोजिम वर्गीकृत निर्माण व्यवसायी मध्ये जुन वर्गको लागि इजाजतपत्र दिन उपयुक्त देखिन्छ सोही वर्गको इजाजतपत्र दिन श्री ५ को सरकार समक्ष सिफारिस गर्नेछ ।

६. इजाजतपत्र दिनु पर्ने: (१) नियम ५ बमोजिम समितिबाट सिफारिस भई आएपछि त्यस्ता सिफारिस भई आएको मितिले पन्ध्र दिन भित्र श्री ५ को सरकारले सम्बन्धित दरखास्तवालासंग इजाजतपत्र बापत अनुसूची -२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची -३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको इजाजतपत्रको अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गराई राख्नु पर्नेछ ।

७. इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्था: (१) नियम ६ को उपनियम (१) बमोजिम प्रदान गरिएको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची -२ बमोजिमको नवीकरण दस्तुर संलग्न गरी अनुसूची -५ बमोजिमको ढाँचामा इजाजतपत्रको नवीकरणको लागि अध्यक्ष समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्रको नवीकरणको लागि दरखास्त परेपछि अध्यक्षले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्याद भित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने निर्माण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नवीकरण गराउन



६०२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहेमा अनुसूची -२ बमोजिमको थप दस्तुर संलग्न गरी अध्यक्ष समक्ष दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम दरखास्त परेपछि अध्यक्षले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम २० बमोजिम "घ" वर्गको निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्ने अधिकार जिल्ला विकास समितिलाई प्रत्यायोजन गरिएको अवस्थामा यस नियम बमोजिम सो वर्गको इजाजतपत्रको नवीकरण जिल्ला विकास समितिले गर्नेछ।

८. <u>अस्थायी इजाजतपत्र सम्बन्धी व्यवस्था:</u> (१) सार्वजनिक निर्माण कार्य गर्नको लागि ऐनको दफा ६ बमोजिम अस्थायी इजाजतपत्र पाउन सक्ने विदेशी निर्माण व्यवसायीले सार्वजनिक निर्माण कार्य गर्ने अस्थायी इजाजतपत्र लिन चाहेमा अनुसूची-६ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएपछि त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गरी माग बमोजिम अस्थायी इजाजतपत्र दिन मनासिव देखेमा समितिले सोही बमोजिमको सिफारिस श्री ५ को सरकार समक्ष गर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले दरखास्तको जाँचबुझ गर्दा कुनै थप कागजात माग गर्नु पर्ने देखेमा दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ।

(४) उपनियम (२) बमोजिम अस्थायी इजाजतपत्रको लागि समितिबाट सिफारिस भई आएमा श्री ५ को सरकारले अनुसूची -२ बमोजिमको अस्थायी इजाजतपत्र दस्तुर लिई अनुसूची -७ बमोजिमको ढाँचामा दरखास्तवाला निर्माण व्यवसायीलाई अस्थायी इजाजतपत्र दिनेछ।

९. <u>दर्ता किताब:</u> (१) समितिले यस नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्रको अनुसूची -८ बमोजिमको ढाँचामा र अस्थायी इजाजतपत्रको अनुसूची -९ बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अद्यावधिक बनाई राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरिएको इजाजतपत्र र अस्थायी इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाई राख्नु पर्नेछ।

## परिच्छेद-३

## <u>निर्माण व्यवसायीको वर्गीकरण र दायित्व</u>

१०. <u>निर्माण व्यवसायीको वर्गीकरण:</u> (१) सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीलाई योग्यताको आधारमा वर्गीकरण गरिनेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गर्दा देहाय बमोजिमको योग्यता भएको



९८०३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्माण व्यवसायीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) अनुसूची -१० बमोजिमको योग्यता हुनेलाई "क" वर्गको निर्माण व्यवसायी,

(ख) अनुसूची -११ बमोजिमको योग्यता हुनेलाई "ख" वर्गको निर्माण व्यवसायी,

(ग) अनुसूची-१२ बमोजिमको योग्यता हुनेलाई "ग" वर्गको निर्माण व्यवसायी,

(घ) अनुसूची -१३ बमोजिमको योग्यता हुनेलाई "घ" वर्गको निर्माण व्यवसायी।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गीकृत भएको मानिनेछ।

११. सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्ने दायित्वः (१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैतीस दिनभित्र अनुसूची -१४ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धित निर्माण व्यवसायीको दायित्व हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निर्माण व्यवसायीले आफूले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एक प्रति विवरण सम्बन्धित आयोजना वा कार्यालयलाई समेत पठाउनु पर्नेछ।

(३) समितिले उपनियम (१) बमोजिम प्राप्त विवरणको अभिलेख अनुसूची -१५ बमोजिम राख्नु पर्नेछ।

१२. निर्माण व्यवसायीलाई समूहीकरण गर्ने आधारः नियम १० बमोजिम वर्गिकृत निर्माण व्यवसायीलाई समूहीकरण गर्ने आधार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद-४

विविध

१३. समितिको काम, कर्तव्य र अधिकारः ऐन वा यस नियमावली बमोजिम समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्माण व्यवसायीको आचार संहिता तयार गरी स्वीकृतिको लागि परिषद्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समक्ष पेश गर्ने र परिषद्‌बाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने,

(ख) निर्माण व्यवसाय प्रवर्द्धन तथा विकासको लागि तथा निर्माण व्यवसायीको हितको लागि अपनाउनु पर्ने तत्कालिन, अल्पकालिन तथा दीर्घकालिन उपायको पहिचान गरी सो सम्बन्धमा अवलम्बन गरिनु पर्ने नीतिका सम्बन्धमा सुझाव सहितको सिफारिस परिषद् समक्ष पेश गर्ने ।

(ग) इजाजतपत्र खारेजी सम्बन्धी आवश्यक कार्यविधि निर्धारण गर्ने ।

१४. __कोषमा बुझाउनु पर्ने दस्तुर:__ ऐनको दफा १७ को उपदफा (२) को खण्ड (ख) को प्रयोजनको लागि निर्माण व्यवसायीले स्वीकृत ठेक अङ्कको ०.१० (सुन्य दशमलव एक सुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्नेछ ।

१५. __कोषको सञ्चालन:__ कोषको खाता समितिको अध्यक्ष तथा सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१६. __कोषको लेखा परीक्षण:__ कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम दर्ता भएको लेखापरीक्षकबाट हुनेछ ।

१७. __सहुलियतमा पैठारी गरिएका सामानको विवरण पेश गर्नु पर्ने:__ द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी तथा विदेशी निर्माण व्यवसायीले नेपाल अधिराज्यभित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणको विवरण अनुसूची-१६ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

१८. __इजाजतपत्र प्रतिलिपि दस्तुर:__ कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनको लागि निवेदन गर्दा अनुसूची - २ बमोजिमको प्रतिलिपि दस्तुर दाखिला गर्नु पर्नेछ ।

१९. __परिषद्‌लाई जानकारी गराउने:__ समितिले ऐन तथा यस नियमावली बमोजिम गरेको काम कारवाहीको जानकारी त्यस्तो काम कारवाही भएको मितिले पन्ध्र दिनभित्र परिषद्‌लाई गराउनु पर्नेछ ।

२०. __अधिकार प्रत्यायोजन:__ ऐन तथा यस नियमावली बमोजिम श्री ५ को सरकारलाई प्राप्त अधिकार मध्ये "घ" वर्गको निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्ने तथा खारेज गर्ने अधिकार श्री ५ को सरकारले जिल्ला विकास समितिलाई एक पटकमा पाँच वर्षको अवधि तोकी प्रत्यायोजन गर्न सक्नेछ ।

२१. __अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:__ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

२२. __खारेजी र बचाउ:__ (१) ठेकेदार सम्बन्धी नियमावली, २०३१ खारेज गरिएकोछ ।

(२) ठेकेदार सम्बन्धी नियमावली, २०३१ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

५६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१
(नियम ३ सँग सम्बन्धित)
ईजाजत पत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय: इजाजतपत्र पाऊँ भन्ने बारे ।

श्री कार्यान्वयन समिति
निर्माण तथा यातायात मन्त्रालय,

निर्माण व्यवसाय ऐन, २०५५ तथा निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-
नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन न :- फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति
☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी
(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-
नाम थर :-
ठेगाना :- पोष्टबक्स :-
टेलिफोन :- फ्याक्स :- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-
दर्ता नं.:- दर्ता मिति :-
अधिकृत पुँजी :- जारी पुँजी :-
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :-
(नियम १० बमोजिमको वर्ग मध्ये कुनै एक)

६. समूहीकरण हुन चाहेको समूह :-

१(०५)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

९ आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१८०७०७।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निमार्ण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी ट्याङ्की तथा ढल निर्माण, पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ , भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७. | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९. | अन्य | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात:-

क.
ख.
ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको, -
दस्तखत :-
मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २

(नियम ६ को उपनियम (१), नियम ७ को उपनियम (२), नियम ७ को उपनियम (४), नियम ८ को उपनियम (४) र नियम १८ सँग सम्बन्धित)

दस्तुर

| क. सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | अस्थायी ईजाजतपत्र दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | "क" वर्ग | रु. १०,०००। | रु. ७,०००। | रु. १४,०००। | अमेरिकी डलर १,५०० ले हुन आउने नेपाली रुपैयाँ | रु. १,०००। |
| २ | "ख" वर्ग | रु. ५,०००। | रु. ३,०००। | रु. ६,०००। | अमेरिकी डलर १,००० ले हुन आउने नेपाली रुपैयाँ | रु. १,०००। |
| ३ | "ग" वर्ग | रु. २,०००। | रु. १,५००। | रु. ३,०००। | अमेरिकी डलर ५०० ले हुन आउने नेपाली रुपैयाँ | रु. ५००। |
| ४ | "घ" वर्ग | रु. १,०००। | रु. १,०००। | रु. २,०००। | अमेरिकी डलर २५० ले हुन आउने नेपाली रुपैयाँ | रु. ५००। |

द्रष्टव्य : निर्माण व्यवसाय नियमावली, २०५६ को नियम ७ को उपनियम (४) बमोजिम म्यादभित्र ईजाजतपत्र नविकरण गराउँदा ईजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्ने छ ।

१८०९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची - ३

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

इजाजतपत्र

ईजाजतपत्र नं.....................

मिति :-

:....................

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालय

निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ को उपदफा (३) र निर्माण व्यवसाय नियमावली, २०५६ को नियम ६ को उपनियम (१) बमोजिम निर्माण व्यवसाय गर्न ..................... स्थित कार्यालय भएको ..........................................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको, -

दस्तखत:-

नाम:-

पद:-

कार्यालय:-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

मिति :-

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मुद्रण विभाग, सिंहदरबार

१९९०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची –४
(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

ईजाजतपत्र अभिलेख

ईजाजत पत्रको क्रम संख्या:-
(अनुसूची –८ मा उल्लिखित क.सं. उल्लेख गर्ने)

खण्ड क

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को, -
(क) नाम:-
(ख) ठेगाना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको, -
(क) नाम :-
(ख) ठेगाना :-

३. निर्माण व्यवसायको, -
(क) दर्ता नं. :-
(ख) दर्ता मिति :-

४. ईजाजतपत्रको, -
(क) वर्ग :-
(ख) समूह:-

५. इजाजतपत्र जारी गरेको शुरु मिति:-

१६११

मुद्रण विभाग, सिंहदरबार

खण्ड ख
नविकरण

| सि.नं | नविकरण भएको मिति | ईजाजतपत्र नविकरण दस्तुरको भौचर नं. | नविकरण दस्तुर बुझाएको मिति | नविकरण दस्तुर बुझाएको बैंक | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

१८१२


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ग

कार्य अभिलेख विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

१८-१३

खण्ड घ

निर्माण व्यवसायी कोषमा रकम बुझाएको विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य सम्पन्न गर्दा लागेको कूल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

१८७४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ५
(नियम ७ को उपनियम (२) र ४ सँग सम्बन्धित)

ईजाजतपत्र नविकरणको लागि दिईने दरखास्त

श्री अध्यक्ष
कार्यान्वयन समिति
निर्माण तथा यातायात मन्त्रालय,

विषय: ईजाजतपत्र नविकरण गरी पाऊँ भन्ने बारे ।

निर्माण व्यवसाय संचालन गर्ने ईजाजतपत्र नविकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को, -
(क) नाम:-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स :-
(घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :-
(च) ईमेल :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको, -
(क) नाम :-
(ख) ठेगाना :-

३. निर्माण व्यवसायीको, -
(क) प्रमाणपत्र नं.:-
(ख) दर्ता मिति :-

४.(क) इजाजतपत्र नं. :-
(ख) ईजाजपत्र जारी भएको मिति :-
(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :-

५.(क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :-
(ख) नविकरण मिति :-

६. ईजाजतपत्र नविकरण दस्तुर । थप दस्तुर बापत रु.................... अक्षरेपी .................... जम्मा गरेको ....................................बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको
तर्फबाट दरखास्त दिनेको,-
नाम :-
पद :-
दस्तखत :-
मिति :-

मुद्रण विभाग, सिंहदरबार

१८९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ६
(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)
अस्थायी ईजाजतपत्रको लागि दिईने दरखास्त

श्री कार्यान्वयन समिति
निर्माण तथा यातायात मन्त्रालय,

विषय: अस्थायी ईजाजतपत्र पाऊँ भन्ने बारे ।

निर्माण व्यवसाय संचालन गर्ने अस्थायी ईजाजतपत्र पाउनको लागि देहाय बमोजिमको विवरण खुलाई निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को, -
   (क) पुरा नाम :-
   (ख) ठेगाना :-

२. निर्माण व्यवसाय ईजाजतपत्र, -
   (क) जारी गर्ने निकायको नाम र ठेगाना :-
   (ख) जारी गर्ने मुलुक :-
   (ग) जारी गरेको मिति :-
   (घ) नविकरण कायम रहने अवधि :-

३. निर्माण व्यवसाय प्रमाणपत्र नं.:-

४. निर्माण व्यवसाय प्रमाणपत्रको प्रकृति :-

५. (क) निर्माण व्यवसाय एक्लैले संचालन गर्ने भए संचालकको पुरा नाम थर र ठेगाना:-
   (ख) निर्माण व्यवसाय संयुक्त रुपमा संचालन गर्ने भए संचालकहरुको पुरा नाम थर र ठेगाना:-

६. सार्वजनिक निर्माण कार्य गर्ने योजनाको नाम :-

७. सार्वजनिक निर्माण कार्य अन्तर्गत पर्ने आयोजना । कार्यालय:-
   (क) आयोजना । कार्यालयको नाम, ठेगाना :-
   (ख) आयोजना । कार्यालयको फोन नं. ...... फ्याक्स नं......... ईमेल......

८. सार्वजनिक निर्माण कार्यको वोल अङ्क रु.........................अक्षरेपी.....................


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. यस अघि अस्थायी ईजाजतपत्र प्राप्त गरेको वा नगरेको :-

१०. यस अघि अस्थायी ईजाजतपत्र प्राप्त गरेको भए सो को विवरण, -
(क) सार्वजनिक निर्माण कार्य योजनाको नाम:-
(ख) आयोजना । कार्यालयको नाम, ठेगाना :-

११. यस अघि अस्थायी ईजाजतपत्र प्राप्त गरी सार्वजनिक निर्माण कार्य सम्पन्न भएको भए सो को विवरण:-
(क) कार्य प्रारम्भ मिति :-
(ख) कार्य सम्पन्न मिति:-
(ग) मर्मत अवधि मिति :-
(घ) भेरियसन अर्डर बमोजिम वृद्धि वा कम भएको रकम रु................अक्षरेपी.........................................................................
(ङ) कुल ठेक्का सम्झौता रकम रु...............................अक्षरेपी.......................................
(च) निर्माण व्यवसायी कोषमा नियम १४ बमोजिम दाखिला गरेको दस्तुर रु....................अक्षरेपी...........................................................................
(छ) निर्माण कार्य सम्पन्न गरेको प्रमाणपत्र :-
(ज) कर चूक्ता गरेको प्रमाणपत्र :-
(झ) कर चुक्ता भई नसकेको भए सो को विवरण .........................
(ञ) सहुलियतमा पैठारी गरिएको सामानको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | दर्ता गर्ने कार्यालय | क्षमता | संख्या | मूल्य | भंसार तिरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

द्रष्टव्यः यस विवरणको साथमा यस सँग सम्बन्धित सम्झौताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(ट) निर्माण कार्यको लागि वैदेशिक जनशक्तिको उपयोग भएको भए सो को विवरण (यस प्रयोजनको लागि नाम, योग्यता, पद खुल्ने गरी भिन्दै कागजात संलग्न गर्न सकिनेछ)

१२. हाल अन्यत्र सार्वजनिक निर्माण कार्य चालू भैरहेको भए सोको विवरण:
(क) कार्य प्रारम्भ मिति:
(ख) कार्य सम्पन्न गर्नुपर्ने मिति :
(ग) मर्मत अवधिको मिति :
(घ) भेरियसन अर्डर बमोजिम वृद्धि वा कम भएको रकम रु............................अक्षरेपी ...................................................


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सहुलियतमा पैठारी गरिएको । गरिने सामानको विवरण (यस प्रयोजनको लागि पैठारी गरिएको सामानको विवरण यसै अनुसूचीको क्रमसंख्या ११ को खण्ड (ञ) मा उल्लेख गरिए बमोजिम र पैठारी गर्न बाँकीको हकमा भिन्दै उल्लेख गरी सम्बन्धित सम्झौताको प्रतिलिपी पेश गर्नु पर्नेछ)

(च) निर्माण व्यवसायी कोषमा नियम १४ बमोजिम दस्तुर दाखिला गरेको रकम रु......... अक्षरेपी ........................ ।

(छ) वैदेशिक जनशक्ति विवरण (यस प्रयोजनको लागि नाम, योग्यता, पद, प्रवेशाज्ञा अवधि खुल्ने गरी भिन्दै कागजात संलग्न गर्न सकिनेछ )

१३. यस दरखास्त साथ दस्तुर रु................अक्षरेपी............................................ जम्मा गरेको ..........................बैंकको सक्कल भौचर संलग्न गरिएको छ ।

१४. नेपाल अधिराज्य भित्र सम्पर्कको लागि आधिकारीक व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(ग) पोष्टबक्स :-

(घ) टेलिफोन नं.:-

(ङ) फ्याक्स:-

(च) ईमेल :-

१५. निर्माण व्यवसाय ऐन, २०५५, निर्माण व्यवसाय नियमावली, २०५६ र प्रचलित नेपाल कानून तथा सो अन्तर्गत दिइएको आदेश निर्देशनको अधिनमा रही नेपाल अधिराज्य भित्र सार्वजनिक निर्माणको कार्य गर्न मन्जुर गर्दछु ।

यस दरखास्त फाराममा उल्लिखित व्यहोरा ठीक साँचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको, -

सहि:-

मिति:-

द्रष्टव्य : यस फारामको क्रमसंख्या ९,१०,११ र १२ यो नियमावली प्रारम्भ हुनु अघि भए गरेको कामको हकमा लागु हुने छैन ।

१८९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ७
(नियम ८ को उपनियम (४) संग सम्बन्धित)
अस्थायी ईजाजतपत्र

श्री.................................
.................................

नम्बर:-
आयोजना:-

निर्माण व्यवसाय सञ्चालन गर्ने अस्थायी ईजाजतपत्र पाउनको लागि तपाईले मिति ...............मा दिनु भएको दरखास्त उपर कारवाई हुँदा निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम देहाय बमोजिमको निर्माण व्यवसाय सञ्चालन गर्ने निम्न विवरण खुलाई यो अस्थायी ईजाजतपत्र दिइएको छ । प्रचलित कानूनको रीत पुऱ्याई निर्माण व्यवसाय संचालन गर्नु होला ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को, -
   (क) नाम:-
   (ख) ठेगाना :-
   नेपाल अधिराज्य भित्र :-
   नेपाल अधिराज्य बाहिर :-

२. ईजाजतपत्रको वर्ग र समूह :-

३. अस्थायी ईजाजतपत्र जारी गरिएको सार्वजनिक निर्माण कार्य गर्ने योजनाको नाम:-

४. आयोजना । कार्यालयको नाम, ठेगाना :-

५. आयोजना अवधि :-
   (यस प्रयोजनको लागि आयोजनाको म्याद थप भएमा सोही आधारमा यसको अवधि स्वत: कायम भएको मानिनेछ)

६. ईजाजतपत्र जारी गर्ने कार्यालयको छाप

ईजाजतपत्र जारी गर्ने अधिकारीको, -
दस्तखत:-
नाम:-
पद:-
मिति:-

मुद्रण विभाग

९८२०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ८

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

इजाजतपत्र दर्ता किताब

| क.सं | इजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | |
| | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

१८२१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ९
(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
अस्थायी इजाजतपत्र दर्ता किताब

| क.सं | इजाजतपत्रको | | | निर्माण व्यवसायीको | | | योजनाको | | योजना वा कार्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | | नाम | अवधि | नाम | ठेगाना | पोष्ट बक्स | टेलिफोन |
| | | | | | नेपाल भित्र | नेपाल बाहिर | | | | | | |
| | | | | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१०
(नियम १० को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

"क" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक करोड रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. कामको अनुभव : घटीमा एक करोड पचास लाख रुपैयाँको चार अलग अलग वा कूल छ करोड रुपैयाँ बराबरको विभिन्न सार्वजनिक निर्माण कार्य आफैले सम्झौता गरी सन्तोषजनक रुपले सम्पन्न गरेको हुनु पर्नेछ ।
तर कम्तीमा बीस वर्षको सार्वजनिक निर्माण कार्य सम्बन्धी अनुभव प्राप्त कम्तीमा दुई जना सिभिल ईन्जिनियर रहेको कम्पनी वा विगत दश वर्षमा छ करोड रुपैयाँ बराबरको निर्माण कार्य सम्बन्धी अनुभव भई ईन्जिनियर वा सो सरहको प्रमोटर वा शेयरहोल्डर रहेको कम्पनीलाई "क" वर्गको निर्माण व्यवसायीमा वर्गीकरण गर्न यस खण्डले कुनै वाधा पु-याएको मानिने छैन ।

३. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरीङ० विषयमा स्नातक तह उत्तीर्ण दुई जना र सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण चार जना प्राविधिक, कुनै विषयमा स्नातक तह उत्तीर्ण दुई जना र प्रमाणपत्र तह उत्तीर्ण तीन जना र वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण एक जना, सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

४. मेशीन र उपकरण:
(क) थियोडोलाईड (दुई थान)
(ख) लेभल (चार थान)
(ग) डम्पट्रक वा ट्रक (दुई थान)
(घ) वाटर पम्प (तीन थान)
(ङ) कंक्रिट मिक्स्चर (तीन थान)
(च) भाइब्रेटर (पाँच थान)
(छ) ल्याव इक्यूप्मेण्ट (एक सेट)
(ज) व्याकहोइ, एक्स्काभेटर, बुलडोजर मध्ये कुनै एक थान
(झ) निम्न उपकरण मध्ये कम्तीमा चार थान
(१) लोडर
(२) विटुमिन डिष्ट्रिव्यूटर । स्प्रेयर
(३) वाटर ट्यांकर । स्प्रेयर
(४) मोटर ग्रेडर
(५) थ्री व्हील रोलर
(६) एक टन रोलर
(७) न्यूमेटिक रोलर
(८) विटुमिन पेभर
(९) एस्फाल्ट मिक्स प्लाण्ट

१८23


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) क्रेन
(११) फोर्क लिफ्ट
(१२) क्रसर
(१३) कम्प्याक्टर
(१४) भाइब्रेटिड० रोलर
(१५) हाइड्रोलिक अगर
(१६) विञ्च
(१७) विल्डिङ० होस्ट

द्रष्टव्य:

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिड० विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

मुद्रण विभाग

१८२४


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -११
(नियम १० को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)

"ख" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पचास लाख रुपैयांको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. कामको अनुभव : घटीमा असी लाख रुपैयाँको चार अलग अलग वा कूल बीस लाख रुपैयां बराबरको विभिन्न सार्वजनिक निर्माण कार्यहरु आफैले सम्झौता गरी सन्तोषजनक रुपले सम्पन्न गरेको हुनु पर्नेछ ।

तर कम्तीमा दश वर्षको सार्वजनिक निर्माण कार्य सम्बन्धी अनुभव प्राप्त कम्तीमा एक जना सिभिल ईन्जिनियर रहेको कम्पनी वा विगत दश वर्षमा दुई करोड रुपैयां बराबरको निर्माण कार्य सम्बन्धी अनुभव भई ईन्जिनियर वा सो सरहको प्रमोटर वा शेयरहोल्डर रहेको कम्पनीलाई "ख" वर्गको निर्माण व्यवसायीमा वर्गीकरण गर्न यस खण्डले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

३. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरीड० विषयमा स्नातक तह उत्तीर्ण एक जना र सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण दुई जना प्राविधिक, कुनै विषयमा स्नातक तह उत्तीर्ण दुई जना र प्रमाणपत्र तह उत्तीर्ण दुई जना र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

४. मेशीन र उपकरण:

(क) थियोडोलाईड (एक थान)
(ख) लेभल (दुई थान)
(ग) डम्पट्रक वा ट्रक (एक थान)
(घ) वाटर पम्प (दुई थान)
(ङ) कंक्रिट मिक्स्चर (दुई थान)
(च) भाइब्रेटर (चार थान)
(छ) ल्याब इक्यूप्मेण्ट (एक सेट)
(ज) व्याकहोइ, एक्स्काभेटर, बुलडोजर मध्ये कुनै एक थान
(झ) निम्न उपकरण मध्ये कम्तीमा दुई थान
  (१) लोडर
  (२) विटुमिन डिष्ट्रिव्यूटर । स्प्रेयर
  (३) वाटर ट्यांकर । स्प्रेयर
  (४) मोटर ग्रेडर
  (५) थ्री व्हील रोलर
  (६) एक टन रोलर
  (७) न्यूमेटिक रोलर
  (८) विटुमिन पेभर
  (९) एस्फाल्ट मिक्स प्लाण्ट
  (१०) केन

१८ 22


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) फोर्क लिफ्ट
(१२) क्रसर
(१३) कम्प्याक्टर
(१४) भाइब्रेटिङ० रोलर
(१५) हाइड्रोलिक अगर
(१६) विञ्च
(१७) विल्डिङ० होस्ट

द्रष्टव्य:

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ० विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१२
(नियम १० को उपनियम (२) को खण्ड (ग) सँग सम्बन्धित)

"ग" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा दश लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. कामको अनुभव : घटीमा दश लाख रुपैयांको चार अलग अलग वा कूल चालीस लाख रुपैयां बरावरको विभिन्न सार्वजनिक निर्माण कार्यहरु आफैले सम्झौता गरी सन्तोषजनक रुपले सम्पन्न गरेको हुनु पर्नेछ ।

तर कम्तीमा पांच वर्षको सार्वजनिक निर्माण कार्य सम्बन्धी अनुभव प्राप्त कम्तीमा एक जना सिभिल ईन्जिनियर वा सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण दुई जना सिभिल ओभरसियर रहेको कम्पनी वा विगत पाँच वर्षमा एक करोड रुपैयाँ बराबरको निर्माण कार्य सम्बन्धी अनुभव भई ईन्जिनियर वा ओभरसियर वा सो सरहका प्रमोटर वा शेयरहोल्डर रहेको कम्पनीलाई "ग" वर्गको निर्माण व्यवसायीमा वर्गीकरण गर्न यस खण्डले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

३. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरीड० विषयमा स्नातक तह उत्तीर्ण एक जना वा सोही विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण दुई जना प्राविधिक, कुनै विषयमा स्नातक तह उत्तीर्ण दुई जना र सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण दुई जना अप्राविधिक र वाणिंज्य विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

४. मेशीन र उपकरण:

(क) लेभल (दुई थान)
(ख) वाटर पम्प (दुई थान)
(ग) कंक्रिट मिक्स्चर (एक थान)
(घ) भाइब्रेटर (तीन थान)
(ङ) निम्न उपकरण मध्ये कम्तीमा एक थान
  (१) लोडर
  (२) विटुमिन डिष्ट्रिव्यूटर । स्प्रेयर
  (३) वाटर ट्याङ्कर । स्प्रेयर
  (४) मोटर ग्रेडर
  (५) थ्री व्हील रोलर
  (६) एक टन रोलर
  (७) न्यूमेटिक रोलर
  (८) विटुमिन पेभर
  (९) एस्फाल्ट मिक्स प्लाण्ट
  (१०) क्रेन
  (११) फोर्क लिफ्ट
  (१२) कसर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) कम्प्याक्टर
(१४) भाईब्रेटीङ रोलर
(१५) हाइड्रोलिक अगर
(१६) विन्च
(१७) विल्डिङ होस्ट

दृष्टव्य:

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै वीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

मुद्रण विभाग

१८२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१३

(नियम १० को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धित)

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण:

(क) लेभल (एक थान)

(ख) वाटर पम्प (एक थान)

(ग) भाइब्रेटर (एक थान)

द्रष्टव्य:

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै वीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

9८23



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१४
(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

सार्वजनिक निर्माण कार्यको विवरण

श्री कार्यान्वयन समिति
निर्माण तथा यातायात मन्त्रालय,

विषय: निर्माण कार्य विवरण पेश गरेको ।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायीको, -
 (क) नाम :-
 (ख) ठेगाना :-

२. कार्य योजनाको नाम:-

३. आयोजना । कार्यालयको, -
 (क) नाम :-
 (ख) ठेगाना :-

४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको,-
 (क) नाम :-
 (ख) काम गरेको अवधि :-
 (ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं. :-

५. मुख्य जनशक्ति, -
 (क) प्राविधिक
 (ख) अप्राविधिक

६. ठेक्का संम्पन्न भए बमोजिमको रकम......................

७. ठेक्का सम्झौता बमोजिमको रकम रु......................

८. भेरियसन भए नभएको भएको भए, -
 (क) बृद्धि भएको रकम रु.........................
 (ख) कम भएको रकम रु..........................

१८३०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. निर्माण कार्यको संक्षिप्त विवरण:-
(क)
(ख)
(ग)
(घ)

१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति:-

११. ईजाजतपत्र नं.:-
(अस्थायी ईजाजतपत्र भए सो को व्यहोरा उल्लेख गर्नुपर्नेछ ।)

छाप

दरखास्तवालाको, -
नाम:-
दस्तखत:-
मिति:-

9C29


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची -१५
(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)

सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| सि.नं | निर्माण व्यवसायीको नाम | ईजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालय को. नाम | ठेक्का सम्पन्न गरे बमोजिमको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

१८३२


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१६
(नियम १७ सँग सम्बन्धित)

सहुलियतमा पैठारी गरिएका सामानको विवरण

श्री कार्यान्वयन समिति,
निर्माण तथा यातायात मन्त्रालय
काठमाडौं ।

विषय : विवरण पेश गरेको ।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपाल अधिराज्यभित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

१. निर्माण व्यवसायीको, -
   (क) नाम :-
   (ख) ठेगाना :-

२. कार्य योजनाको नाम:-

३. ठेक्का सम्झौता नम्बर :-

४. सम्झौता अवधि :-

५. आयोजना । कार्यालयको, -
   (क) नाम :-
   (ख) ठेगाना :-

६. सहुलियतमा पैठारी गरिएको सामानहरुको विवरण :-

| सि.नं | विवरण | नमूना (मोडल) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको भंसार महशूल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१८३३


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु ।

यस दरखास्तमा उल्लिखित विवरण ठीक साँचो छ । झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउंला ।

छाप

दरखास्तवालाको,-
नाम:-
दस्तखत:-
मिति:-

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।